# राजगढ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
प्रदेश नं २, नेपाल


## प्राविधिक सहायक करारमा पदपुर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७७।०४।२६

प्रस्तुत विषयमा श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स ०७७।०७८ च.न PMEG /२३ को मिति २०७७।०४।१२ को पत्रानुसार यस राजगढ गाँउपालिकामा संचालित रोजगार सेवा केन्द्रका लागी आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागी निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनरोध छ ।

| सि.न | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव :-**

क) सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको ।

ख) **अनुभव र सिप** :- प्राविधिक सहायकमा देहायका अनुभव र सिप भएको,

- कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको,
- पुर्वाधारको निर्माण र मर्मतका लागी आयोजनाको लागत अनुमान, सुपरभिजन र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विशलेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्बन्धि सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
- **उमेर** :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थान** :- राजगढ गाँउपालिकाको कार्यालय, नर्घो, सप्तरी ।

**३. दरखास्त दिने अन्तिम मिति** :- २०७७ भाद्र ०८ गते सोमवार सम्म ।

**४. आवेदन दस्तुर** :- रु ५००।-

**५. छनोटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ।

**६. आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजको प्रतिलिपिहरु,

- नागरिकताको प्रतिलिपी
- न्युनतम योग्यताको लब्धाङ प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

**७. सेवा सुविधा** :- गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** :- गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमाजिम हुनेछ ।

९. थप जानकारीका लागी यस गाँउ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सक्नु हुनेछ ।

**नोट** : प्रारम्भिक योग्यताक्रमको सूचीसँगै परिक्षाको मिति, समय र स्थान तोकी सूचना प्रकाशन गरिनेछ । (आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.rajgadhmun.gov.np वा www.pmep.gov.np मा उपलब्ध छ ।)

प्रमुख प्रशासकिय अधिकृत